जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक ९३ | २०८२ साल कात्तिक २१ गते शुक्रबार (7 Nov 2025 Friday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : यसरी हुनसक्छ युवा ... ३ पृष्ठमा : जलनको पीडा रोकथामप्रतिको ... ३ पृष्ठमा :गाजामा युद्धविराम ...

# ७२ हजार भन्दा बढी करदाता रहेको सप्तरीमा आन्तरिक राजश्व कार्यालय स्थापना हुनुपर्ने माग

## कार्यालय स्थापनाको माग गर्दै बजार बन्दको घोषणा





**दैनिक समाचारदाता राजविराज, २० कात्तिक ।**

सप्तरी उद्योग बाणिज्य संघले ७२ हजार भन्दा बढी करदाता रहेको सप्तरीमा आन्तरिक राजश्व कार्यालय स्थापना गर्न माग गरेको छ ।

करदाता सेवा कार्यालय राजविराजबाट सार्ने निर्णय बिरुद्ध सप्तरी उद्योग बाणिज्य संघले आपत्ति जनाउँदै बिहीबार जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत प्रधानमन्त्रीको कार्यालयलाई बुझाइएको ज्ञापनपत्रमा सो कुरा उल्लेख गरिएको छ ।

संघका अध्यक्ष लालु प्रसाद अग्रवालको अगुवाइमा बुझाइएको ज्ञापनपत्रमा ७२ हजार भन्दा बढी करदाता रहेको जिल्लाबाट एक सय करोड भन्दा बढी राजश्व संकलन हुने गरेकोले यहाँ आन्तरिक राजश्व कार्यालय स्थापना हुनुपर्ने माग गरिएको छ ।

अर्थमन्त्रि र आन्तरिक राजश्व विभागसमेतलाई बोदार्थ गरिएको ज्ञापनपत्रमा नेपाल सरकारको नीति र राजश्व उठाउने लक्ष्य भन्दा बढी राजश्व समेत संकलन भइराखेको अवस्थामा कात्तिक १७ गतेको मन्त्री परिषदको




निर्णयानुसार यस जिल्लामा स्थापित करदाता सेवा कार्यालयलाई अन्यत्र सार्ने निर्णयप्रति संघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

यसैबीच बिहीबारै सप्तरी उद्योग बाणिज्य संघको पहलमा बसेको सर्वदलिय बैठकबाट आन्दोलनका कार्यक्रम घोषणा गरिएको छ ।

आन्दोलनका कार्यक्रम अनुसार शुक्रबार जिल्ला भरिका बजार बन्द रहने र शनिबारदेखी आन्दोलनका थप कार्यक्रमहरु तय गरिने संघका महासचिव अमृत संचेतीले जानकारी दिएका छन् ।

सोही दिन साँझ स्थानीय गजेन्द्र चौकमा टायर बालेर उद्योगि व्यापारीहरुले प्रदर्शन गर्नुका साथै करदाता सेवा कार्यालय सार्ने सरकारी निर्णयको बिरोध गर्दै त्यसलाई सच्याउन माग गरेका छन् ।

संघका महासचिव संचेतीले सरकारले आफ्नो निर्णय नसच्याए अनिश्चितकालिका लागि जिल्ला ठप्प पार्ने चेतवानी दिँदै यसमा सम्पूर्ण जिल्लावासीलाई साथ दिन आग्रह समेत गरेका छन् ।

तत्कालिन अर्थमन्त्री तथा विभागमा दौडा धुप गर्दा बल्लतल्ल २०७५ सालमा सप्तरी जिल्लाको राजविराजस्थित करदाता सेवा कार्यालय स्थापना भएको स्मरण गराउँदै "यस क्षेत्रका करदाताहरुले सरल र शुलभ तरिकावाट राजश्व बुझाउन, मु.अ.कर, अन्तःशुल्क दर्ता गर्न र अन्य प्रकृया पुरा गरी सेवा लिन थालेको र हाल यस जिल्ला भित्र ७२ हजार भन्दा बढी करदाता रहेको र नेपाल सरकारले तोकेको लक्ष्य भन्दा बढी राजश्व समेत संकलन भईराखेको अवस्था रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।" ज्ञापनपत्रमा जिकिर गरिएको छ ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

***बाँकी दुई पृष्ठमा***

# देशभरका ३८ करदाता सेवा कार्यालय खारेज

## स्थायी लेखा नम्बर प्रमाणपत्र स्थानीय तहले जारि गर्ने

**दैनिक समाचारदाता राजविराज, २० कात्तिक ।**

अर्थ मन्त्रालय अन्तरगत आन्तरिक राजश्व विभागले राजविराज लगायत देशभरका ३८ स्थानमा रहेका करदाता सेवा कार्यालयहरु खारेज गर्ने निर्णय गरेको छ ।

खारेजीको निर्णय गरिएका मध्यमस्तरीय करदाता कार्यालय १ काठमाडौं, मध्यमस्तरीय करदाता कार्यालय २ काठमाडौं, आन्तरिक राजस्व कार्यालय, खैरहनी, करदाता सेवा कार्यालयहरु ईलाम, धनकुटा, उदयपुर, गौर, पाल्पा, फिदिम, बिराटचोक, खादबारी, दिक्तेल, लुक्ला, राजविराज, मलंगवा, लम्की, पथरी (मोरङ), भोजपुर, ओखलढुङ्गा, जलेश्वर (महोत्तरी), लालबन्दी (सर्लाही), कलैया ( बारा), चन्द्रपुर (रौतहट), सिन्धुली, मन्थली (रामेछाप), चरीकोट ( दोलखा), गोर्खा, बेसीशहर ( लमजुङ्ग), परासी (नवलपरासी पश्चिम), पुतलीबजार (स्याङ्जा), कुश्मा (पर्वत), तम्घास (गुल्मी), सन्धिखर्क (अर्घाखाँची), तौलिहवा (कपिलवस्तु), चकचके (प्यूठान), श्रीनगर (सल्यान), गुलरीया ( बर्दिया), साँफेबगर (अछाम) र दिपायल (डोटी) रहेका छन् ।

यसैबीच आन्तरिक राजश्व विभाग लाजिमपाट काठमाडौंले "करदाता सेवा कार्यालयबाट सम्पादन हुने सेवा प्रवाह सम्बन्धमा" बिहीबार एक सूचना जारि गरि प्रष्टोक्ति दिएको छ ।

विभागका महानिर्देशक बासुदेव पौडेलद्वारा जारि सूचनामा करदाता सेवा कार्यालयहरु खारेज भएको सम्बन्धमा करदाता सेवा कार्यालहरुबाट प्रवाह भईरहेका सेवाहरु मध्ये स्थायी लेखा नम्बर प्रमाणपत्र जारी गर्ने लगायतका सेवाहरु सम्बन्धित स्थानीय तहबाट प्रदान गरिने व्यवस्था मिलाईएको जनाइएको छ ।

स्थानीय तहबाट सो सेवाहरु सूचारु हुन समय लाग्न सक्ने अवस्थामा ती सेवाहरु सम्बन्धित जिल्लास्थित कोष तथा लेखा

***बाँकी तीन पृष्ठमा***

**बिपद्को पूर्व तयारी गरौं।**

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता बिपद्जन्य जोखिमबाट जोगिन:

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- बिद्यालय, कार्यालय र समुदायमा बिपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं – आधिकारिक जानकारीमा मात्र भर परौं।

बिपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार
बिज्ञापन बोर्ड

## सम्पादकीय

### एक व्यक्ति एक बिरुवा रोपौं

बढ्दो वायु प्रदर्शनले विश्वमा सबै कुरा प्रभावित भइरहेको छ। विगतको तुलनामा तापमानमा निकै वृद्धि हुँदै गएको छ। वन फँडानी र चुरे दोहनका कारण पनि खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ। प्रकृति नै असन्तुलित हुँदै गएको छ। प्राकृतिक संरचना अनुसारको कुनै कार्य भइरहेको छैन्। सबै त्यसको विपरीत भइरहेको छ। जलवायु परिवर्तनका कारण अहिले सबै प्राकृतिक संरचना तहसनहस भइरहेको छ।

अहिले वर्षा न्यून हुँदै गएको छ जसले गर्दा उत्पादनमा ह्रास आइरहेको छ। बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ। अहिलेको यस्तो अवस्था आउनुको मुख्य दोषि हामी मानिस स्वयम छौं। वन जंगल फडानी हुनु तर त्यसको स्थानमा नयाँ बिरुवा नरोप्नु नै हो।

तसर्थ वायु प्रदुषण रोक्न हामी आजैबाट प्रत्येक एक व्यक्ति एक बिरुवा रोप्ने बानी बसालौं। जसले वातावरणीय प्रदुषण रोक्नमा मद्दत पुग्दछ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# यसरी हुनसक्छ युवा व्यवस्थापन

**डा राजेन्द्र केसी**

काठमाडौं, २० कात्तिक (रासस)।

संयुक्त राष्ट्रसङ्घले सन् १९८५ लाई युवा वर्ष घोषणा गरेको थियो। सन् १९९९ देखि युवाका आवाजलाई बुलन्द गर्ने हिसाबले हरेक वर्ष १२ अगस्टका दिन युवा दिवसका रूपमा मनाउने गरिन्छ। युवाहरू स्वभावैले ऊर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन्। युवा भन्ने बित्तिकै शारीरिक, मानसिक शक्तिले ऊर्जाशील व्यक्तित्व बुझिन्छ। आजको युवाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण सक्रिय भएर लग्नु जरुरी छ। यो वर्ग साहस, सिर्जनशील, उच्च आत्मविश्वास, निर्णय गर्न सक्ने क्षमता, काम गर्न सक्ने तत्परता भएको हुँदा राष्ट्र निर्माणमा सहभागी गराई देशको मानवीय पुँजीका रूपमा राज्यले परिचालन गर्नु पर्दछ। उमेरको हदलाई हेरी युवाको परिभाषा विभिन्न मुलुकका सरकारले आआफ्नै तरिकाले गरेको पाइन्छ।

नेपालको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरकालाई युवा घोषित गरेएको छ। 'युथ भिजन २०२५' ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरेको छ। भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष, बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्षलाई युवा भनी घोषणा गरेका छन्। युवाको परिभाषा आआफ्नै तरिकाले भने पनि अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको उमेरलाई प्राथमिकता दिएको पाइन्छ। राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले भने काम गर्नसक्ने उमेर भनेको १५ देखि ६४ वर्षको जनसङ्ख्यालाई मानेको छ तर हाम्रो देशमा भने ४१ वर्षदेखि माथिको उमेरलाई पाको उमेरको संज्ञा दिइएको छ। कैयन् विभिन्न सेवामा काम गर्ने मानिस ५० वर्षदेखि पेन्सन पकाएका छन् भने ५९ वर्षमा त काम गर्न नै नसक्ने भनेर अवकाश गरी घरमा नै बसेको पाइन्छ।

हाम्रो देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नीति, नियम, कानून, विनियम राम्रोसँग अध्ययन गरी परिवर्तन गर्नु पर्दछ। नीति नियमले नै एउटै नेपाली जनतालाई काखा र पाखा गरेको छ। नेपालमा उद्योग धन्दाहरू नहुँदा, युवावर्गलाई विदेशिन बाध्य हुन पुगेका छन्। नेपाल सरकारले ११० देशलाई संस्थागतरूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ। व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपाली कामका लागि वैदेशिक रोजगारमा गएका छन्। आर्थिक वर्ष २०७७/७८ सम्म ४४ लाख ३३ हजार ८१२ जना कामदार वैदेशिक रोजगारमा गएका छन्। उक्त सङ्ख्या भारतबाहेक अन्य मुलुकको तथ्याङ्क हो। यदि भारतलाई पनि जोडे भने जम्माजम्मी ८० लाखभन्दा बढी युवा बाहिरिएको देखिन्छ। वैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्द्धदक्ष कामदार २.४ प्रतिशत, अदक्ष कामदार ७४.५ प्रतिशत रहेको छ। यही आर्थिक वर्ष २०७७/७८ सम्ममा वैदेशिक रोजगारमध्ये मलेसियामा २८.४ प्रतिशत, कतारमा २.७ प्रतिशत, साउदी अरेबियामा २०.९ प्रतिशत छन्। यसमा भारत जाने कामदारको सङ्ख्या समावेश गरिएको छैन।

**युगको युवा**

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो। ३० वर्षको पञ्चायती शासनको युग थियो। विसं २०४६ देखि २०६२/६३ को बहुदलीय व्यवस्थाको युग थियो। विसं २०६२/६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ। हरेक युगलाई हेर्‍यौं भने हरेक परिवर्तनलाई अध्ययन गर्‍यौं भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ। त्यतिबेलाको परिवर्तन धेरै गाह्रो थियो। कठिन थियो। बोल्न, लेख्न पाइँदैनथ्यो। शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो। त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक/पाइलट बनेर अगाडि बढ्नुपर्दछ।

हाम्रा पुर्खाको अनुभव, ज्ञान, दक्षता, क्षमता भनेको शासन परिवर्तन गर्ने, लडाइँ गर्ने, जेल बस्ने, जङ्गलबाट युद्ध गर्ने, सत्ता परिवर्तन गर्ने जस्ता साहसिला काम गर्नुभयो। जेलनेल बस्दा विश्वविद्यालय अध्ययन गर्न पाउनु भएन, राम्रा पुस्तक अध्ययन गर्न पाउनु भएन। संसारको देशमा कस्तो विकास भएको छ सोको पहिचान गर्न पाउनुभएन। विकासको रणनीतिक धारणा थाहा पाउनुभएन। अहिलेको युवाहरूले आफ्नै देशमा राम्रा राम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन्। विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन्। विश्वका विकसित मुलुकको अध्ययन गरेका छन्। सूचना र प्रविधिको उपयोग गर्न पाएका छन्। स्थल, जल र वायुयानको माध्यमद्वारा छिटो भन्दा छिटो यात्रा गर्न पाएका छन्।

एक्काइसौं शताब्दीको विकास र आवश्यकतासँग परिचित छन्। पहिचान गर्न सक्छन्। अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन। अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो। एकपटक यो पुस्ता 'बौलाहा' बनेर काम गर्नुपर्दछ। 'पागल' बनेर काम गर्नु पर्दछ। अहिलेको पुस्ताको ज्ञान, बुद्धि, विवेक, चाहना भनेको व्यवस्थापनमा छ, विचारमा छ, विकासमा छ, बजारमुखी अर्थतन्त्रमा छ, उत्पादनमुखी अर्थतन्त्रमा छ, स्वावलम्बी बन्नेमा छ, एन्टरप्रेनरसिपमा छ, स्टार्टसअप व्यवसायमा छ, स्वतन्त्र तरिकाले काम गर्नेमा छ।

यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुकस्भने र बुझाउने राजनैतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता पर्दछ। आगामी पुस्ताको लागि, यो पुस्ताले नेतृत्व लिनैपर्दछ। प्रशासन चलाउनु नै पर्दछ। हरेक व्यक्ति, समाज, र देशमा एउटा युग आउँछ, त्यस समयमा शासन पद्धति त्यही युगका व्यक्तिले चलाउँछ। आज नेपालमा युवाको 'युग' आएको छ। केही दशक वा हिजोसम्म धेरै उमेर र अनुभवी व्यक्तिको युग थियो। त्यो युग आज फेल भएको प्रमाणित भएको छ। यसको प्रमाण धेरै छन्, जसमध्ये ८० लाखभन्दा बढी युवा संसारका विभिन्न देशमा कामको खोजीमा छन्।

अब यो विदेशिएका युवालाई स्वदेशमा फिर्ता गर्नुपर्ने देखिन्छ। अबको नेतृत्व युवाले गर्नु पर्दछ। यो देशको मुहार फेर्नुपर्दछ। संसारको हरेक देशलाई हेर्‍यौं भने हामीजस्तै गरी उठेका छन्। मरुभूमि बालुवाबाट उठेका छन्। चिसोभन्दा चिसो हावापानी र हिउँबाट उठेका छन्। तातोभन्दा तातो हावापानीबाट माथि उठेका छन्, जुन देश बन्नका लागि एक समय युवाहरूले त्याग गरे र देश निर्माण गरे। हाम्रा युवाहरूले संसारको १७२ देश प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले बनाइसके। अब आफ्नै देश किन नबनाउने ? आफ्नै देश बनाउने बेला आएको छ।

युवाको परिभाषा र युवा हुनका लागि समाजको परिवर्तन र रूपान्तरणमा देन दिन सक्नुपर्दछ। आफूले आफ्नै स्वार्थको लागि काम गर्नु युवाको परिभाषा भित्र पर्दैन। तर, आफूलाई परिवर्तन गरेर समाजलाई परिवर्तन गर्नुपर्दछ। परिवर्तन यति सजिलो छैन, ठूलो त्याग र तपस्या गर्नुपर्दछ। यसको लागि प्रशस्त मात्रामा अनुशासन र आफूले आफूलाई कानून बनाएरअगाडि बढ्नुपर्दछ। सरकारले बनाएको कानुनले व्यक्तित्व विकास गर्न कुनै सहयोग गर्दैन। आजको युवाले बिर्सनै नहुने विषय के हो भने जीवनका ससाना विषयवस्तुलाई मध्यनजर गरी कार्य गर्नुपर्दछ; जस्तै-दैनिक क्रियाकलाप, समयको सही व्यवस्थापन, साथीसँगको उठबस, सकारात्मक सोचको विकास, पारिवारिक सम्बन्ध, सामाजिक कार्यमा संलग्न, माया, प्रेम, शैक्षिक कार्यक्रममा सहभागिता नेतृत्वदायी भूमिका, साहित्यिक काममा संलग्न, नयाँनयाँ पुस्तकको अध्ययन, आफूभन्दा ठूला मानिससँगको सङ्गतलगायत कार्यहरूलाई आफ्नो दैनिकीमा राख्नुपर्दछ।

जहिले पनि परिवर्तन सानो विषयबाट हुन्छ, परिवर्तन एउटा विषयबाट सुरु गरेर उक्त विषयलाई अन्त्य गर्न सक्नुपर्दछ। परिवर्तन गर्न चाहनेले कहिल्यै पछि हट्नुहुँदैन र कहिले अल्छी गर्नु पनि हुँदैन। यो संसार सक्नेका लागि हो, कसैले कसैलाई टीका लाएर केही पनि दिएको छैन। यो आकाश खुल्ला छ, उड्नेको लागि बाटो खाली छ, पैदलबाट हिँड्नुस् वा गाडीबाट गुड्नुस् वा चुप लागेर घरमा बस्नुस् दुवै बाटो खुल्ला छ। हामी कहाँ जान चाहन्छौँ र कसरी यसलाई व्यवहारमा प्रयोग गर्छौं भन्ने कुराको दृष्टिकोण, लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्दछ र त्यसैमा तल्लीन भएर लाग्नुपर्दछ। यसैलाई व्यवहारमा उतार्न सक्नुपर्दछ।

**नेपाली युवाको अवसरका क्षेत्र**

हाम्रो देश हरेक हिसाबले उर्वर भूमि हो। यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ, पहाड छ, तराई छ, खेतीयोग्य जमिन छ, पर्यटन स्थल छ, जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छ। त्यस्तै गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन्। नेपाली युवाको अवसरका क्षेत्र हामो देश हरेक हिसाबले उर्वर भूमि हो। यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ। पहाड छ। तराई छ। खेतीयोग्य जमिन छ। पर्यटन स्थल छ। जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छन्। त्यस्तैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन्। युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ।

राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आबद्ध युवा, विशेष प्राथमिकता क्षेत्रका युवा, अपाङ्गता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ। मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारको लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ। युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा गैरसरकारी सङ्घ-संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम स्थानीयस्तरसम्म युवाको सञ्जाल बनाउने कार्यक्रम गरी रहेको छ। राष्ट्रको अमूल्य मानवस्रोत र ऊर्जाको भण्डार युवा हो।

युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ। राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आवद्ध, विशेष प्राथमिकता क्षेत्रका युवाहरू, अपाङ्गता भएका युवालाई सहभागी गर्दै लैजाने रणनीति छ। मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा अनुभव आदान-प्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम, र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ। युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा गैरसरकारी सङ्घ-संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम, स्थानीयस्तरसम्म युवाहरूको सञ्जाल बनाउने कार्यक्रम गरि नै रहेको छ। (समाज रुपान्तरण अभियानमा क्रियाशील लेखक साउथ स्टेन ग्रुपका संस्थापक अध्यक्ष हुनुहुन्छ)

## ७२ हजार भन्दा ...

करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो, जुन अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले बढी हो। अघिल्लो आ.व. २०८०/०८१ करिब ७७ करोड रुपैयाँ राजश्व संकलन भएको थियो।

यस कार्यालयले चालु आ.ब. २०८२/०८३ मा १ अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ।

# जलनको पीडा रोकथामप्रतिको उदासिनता

**कृष्ण अधिकारी**
काठमाडौं, २० कात्तिक (रासस)।

पोखरा भ्रमण वर्षको उद्घाटन गर्दा बेलुन पड्किएर तत्कालीन अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते हुनुभएको थियो। भ्रमण वर्षको उद्घाटन बेलुन उडाएर गर्ने क्रममा हाइड्रोजन ग्यास भरिएको बेलुन अकस्मात पड्किएको थियो। तत्कालै उहाँहरुलाई गण्डकी अस्पताल लगिएको त्यहाँ उपचार नभएपछि काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा भर्ना गरिएको थियो।

तीन वर्षअघि २०७९ फागुन ३ गते राति बुद्धनगरस्थित निवासमा ग्यास सिलिण्डर विस्फोटबाट नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी र उहाँकी आमा हरिकला गम्भीर घाइते बन्नुभयो। सांसद शंकरको दुवै हात, दुवै खुट्टा गरी करिब ३० प्रतिशत भाग जलन भएको छ भने उहाँकी आमाको करिब ७० प्रतिशत भाग जलन भएको थियो। केही दिनमै जलनको पीडाका कारण आमाको निधन भयो भने शंकरले भारतमा उपचार गरी नयाँ जीवन पाउन सफल हुनुभएको छ।

यी केही प्रतिनिधि घटना मात्रै हुन्। साना वा ठूला खालका जलनका घटनाहरु देशमा दिनहुँ भइरहेका छन् र त्यसबाट धेरैले ज्यान गुमाउनुपर्ने, घाइते वा जीवनभर अङ्गभङ्ग हुनुपर्ने र ठूलो भौतिक क्षति व्यहोर्नुपरेको छ। उपचार महँगो, लामो र पीडादायक हुने भएकाले धेरै बिरामी प्रारम्भमै अस्पताल पुग्न सक्दैनन्। यसले मृत्यु दर र अपाङ्गता दुवै बढाउछ। स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार हरेक वर्ष नेपालमा ५५ हजारजनामा जलनको समस्या हुन्छ। त्यसमध्ये दुई हजारको मात्रै ठूला अस्पतालमा उपचार हुन्छ भने कतिपय बिरामी उपचार नपाएर ज्यान गुमाउने गरेका छन्। अस्पतालमा आएका बिरामीको ३० प्रतिशत बालबालिका र ५० प्रतिशत महिला रहने गरेका छन्। जाडोको मौसममा धेरै घटना हुने गर्दछ थियो।

जलनको समस्या एउटा गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो। प्रत्येक वर्ष हजारौं मानिस आगो, तातो पदार्थ, विद्युत् वा रासायनिक पदार्थका कारण जलनबाट पीडित हुने गर्छन्। विशेषगरी ग्रामीण क्षेत्रमा परम्परागत चुल्हो, असावधानीपूर्वक ग्यास प्रयोग, र बालबालिकाको लापरवाहीका कारण जलनका घटना धेरै देखिन्छन्। गृह मन्त्रालयको तथ्याङ्कअनुसार सन् २०१५ देखि २०२४ सम्म २४ हजारभन्दा बढी आगलागीका घटना हुने गरेको र यसबाट ८३३ जनाको मृत्यु भएको देखिन्छ। जलनको समस्या नेपालमा मात्र होइन, विश्वका धेरै देशका लागि गम्भीर स्वास्थ्य चुनौतीको रूपमा रहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार बर्सेनि विश्वमा एक करोड १० लाख मानिस गम्भीर प्रकारका जलनमा पर्छन् ।

रास्वपा नेता विन्दवासिनी कंसाकारले जलनसम्बन्धी विधेयक पारित गर्नुपर्नेमा जोड दिनुहुन्छ। उहाँले संसद्मा दर्ता भएको जलन उपचारसम्बन्धी विधेयकलाई अघि बढाउन माग गर्नुभएको थियो। उक्त विधेयक सात महिनाअघि संसद्मा दर्ता भएको थियो। सांसद कंसाकारले जलन उपचार केन्द्र स्थापना गर्नुपर्ने र आवश्यक स्रोतसाधन, दक्ष जनशक्ति तथा आपत्कालीन उद्धार प्रणालीमा व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभएको थियो। सरकारले गतवर्ष जलनको उपचार निःशुल्क गर्ने निर्णय गरेपनि अझसम्म त्यसको कार्यान्वयन भएको छैन। जलनका बिरामीको उपचार निःशुल्क गर्नका लागि अझै कार्यविधि बनेको छैन। कार्यविधिअनुसार जटिल खालको बिरामीका लागि पाँच लाखसम्म उपलब्ध गराउने भनिए पनि यस निर्णयको कार्यान्वयन नहुँदा निम्न वर्गका बिरामी समस्यामा परेका छन्। बीस प्रतिशतभन्दा कम जलेका बिरामीलाई सामान्य, त्यसभन्दा बढी जलेको बिरामीलाई नाजुक अवस्था मानिन्छ। चिकित्सकका अनुसार स्रोतसाधन उपलब्ध भए र समयमै अस्पतालमा पुग ९५ प्रतिशतसम्म जलेको बिरामीलाई पनि निको पार्न सकिन्छ। यस्तो अवस्थामा नेपालमा उपचारसमेत सम्भव नहुने चिकित्सक बताउँछन्।

**अस्पतालको अभाव**

नेपालमा जलनको उपचार अवस्था अझै पनि चुनौतीपूर्ण र असमान रहेको छ। देशभर जलनका बिरामी धेरै भए पनि उपचारका सुविधा सीमित छन्। हाल देशका आठ वटा अस्पतालमा मात्र जलनको उपचार हुन्छ। यीमध्ये चार वटा अस्पताल त काठमाडौंमा मात्रै छन्। जलनको घाइतेको पूर्णउपचार कीर्तिपुर बर्न अस्पताल, सुष्मा कोइराला मेमोरियल अस्पताल साँखुमा हुने गरेको छ। वीर अस्पताल, शिक्षण अस्पताल, धरान, पोखरा र चितवनका केही अस्पतालमा पनि जलन उपचारका आंशिक सेवा उपलब्ध भएपनि सबै ठाउँमा विशेषज्ञ सुविधा छैन। कीर्तिपुर अस्पतालमा बर्सेनि छ सय बिरामी अस्पताल पुग्ने गर्छन् भने टिचिङमा तीन सय र सुष्मा मेमोरियलमा तीन सय बिरामी पुग्ने गरेको ती अस्पतालको तथ्याङ्क छ। जलनमा परेपछि काठमाडौं आउनेमध्ये ९० प्रतिशतभन्दा बढी बिरामी काठमाडौं बाहिरका हुने कीर्तिपुर बर्न अस्पतालको तथ्याङ्कमा उल्लेख छ। यहाँ आधुनिक बर्न युनिट, प्लास्टिक सर्जरी र पुनर्स्थापना सेवाहरू उपलब्ध छन्।

जलनका घाइतेलाई उपचार गर्न भनेर बनाइएका सरकारी अस्पताल छैनन्। जलनका बिरामीहरूको शरीरका विभिन्न अङ्गहरूमा फरकफरक किसिमको जटिलता देखिने भएकाले जलनकै लागि मात्र भनेर सरकारी अस्पताल छैनन्। काठमाडौं बाहिर जलनको उपचार नहुँदा र कतिपय अवस्थामा यसको प्रारम्भिक उपचारसमेत सही ढङ्गमा नहुँदा बिरामीको परिवार आर्थिक तथा मानसिक तनाव हुने गर्दछ। यद्यपि, पछिल्लो समय सबै खाले रोगको उपचार हुने सङ्घीय अस्पतालमा चारदेखि छ वटा शय्यासहित जलन विभाग छुट्टाइएको छ। प्रशिक्षित जनशक्ति कमीः जलन उपचारमा विशेषज्ञ, चिकित्सक, नर्स र फिजियोथेरापिस्ट पर्याप्त नहुँदा अस्पतालले सेवा विस्तार गर्न सकेका छैनन्।

तीन महिनाको उपचारपछि संसद्मा सम्बोधन गर्ने क्रममा सांसद भण्डारीले भन्नुभएको थियो, “मैले उपचार गराएको अस्पताल (भारत) का डाक्टरले भन्नुभयो विगत तीन वर्षमा तीन जना मात्रै मानिस भेन्टिलेटरमा पुगेर बाँचेका रहेछन्। त्यसमध्ये म एउटा नेपाली सौभाग्यले बाँचेर आएर बोल्दैछु।” उहाँले जलनसम्बन्धी पाठ्यसामग्री विभिन्न तहको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो। कांग्रेस नेता चन्द्र भण्डारीले नेपालमा छुट्टै जलन उपचार हुने अस्पताल बनाउने घोषणा गरिए पनि स्थापना भएको छैन। जलनसम्बन्धी उपचार गर्ने बेग्लै अस्पताल सरकारको प्राथमिकतामा अब पर्नुपर्ने नेता भण्डारी बताउनुहुन्छ।

जलनको उपचार गर्ने अस्पतालको कमीका कारण घाइतेले समयमा उपचार पाउन सकेका छैनन्। दुर्गमका नागरिकलाई जलनको उपचार गराउन निकै नै सास्ती छ। तत्काल प्राथमिक उपचार नपाउँदा बिरामीको अवस्था जटिल हुन गई उपचारमा पनि थप जटिल हुन सक्छ। जलन शहरी क्षेत्रको तुलनामा दुर्गमका मानिसले नियमित भोगिरहेको समस्या भएको कीर्तिपुर अस्पतालका निर्देशक डा किरण नकर्मी बताउनुहुन्छ। नेपालमा जलन उपचारका लागि प्रमुख केन्द्र रहेको यस केन्द्रमा असी प्रतिशतभन्दा बढी जलनका बिरामी जाने गरेका छन्। उहाँका अनुसार अस्पतालमा अधिकांश बिरामी प्रायःकाठमाण्डौं बाहिरका पहाड र तराईका जिल्लाबाट आउने गर्दछन्। आर्थिक अभावका कारण उनीहरू ढिला गरेर मात्रै आउने हुँदा समयमै उपचार नपाएर कतिपय अपाङ्ग हुन्छन् र कतिपयको निधन हुन्छ।

**जनचेतना अभिवृद्धिमा जोड**

जलन रोकथामदेखि उपचारसम्मको सचेतना अत्यावश्यक भएकाले यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्नेमा विज्ञहरुले जोड दिएका छन्। प्रा शङ्करमान राई पनि जलनको समस्या न्यून गर्न प्राथमिक तथा सेकेन्डरी रोकथामका उपायसँगै जनचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुहुन्छ। बङ्गलादेशमा बिहान स्कुल जाने बेलामा बालबालिका जलनको समस्या देखिएपछि उनीहरुलाई भान्छाभन्दा अलग राख्ने नीतिगत व्यवस्था गरेपछि यस्ता घटनामा कमी आएको उदाहरण दिँदै नेपालमा पेट्रोल जलनको एक प्रमुख कारण भएकाले यसबाट बच्न घरमा पेट्रोल नराख्ने र पम्पलाई पनि बस्तीभन्दा टाढा राख्नुपर्ने बताउनुहुन्छ। काठमाडौंमा १०२ वटा र देशभरि २५०० वटा पम्प छन्, जुन बस्तीनजिकै रहेकाले जतिबेला पनि आगलागी हुनसक्ने उच्च जोखिम रहेको उहाँको भनाइ छ। विश्व स्वास्थ्य सँगठनले जलनको घटनालाई ८० प्रतिशतले घटाउन सकिने जनाएको छ।

ग्रामीण क्षेत्रमा सेवा विस्तार, जनचेतना वृद्धि र उपचारमा पहुँच सुनिश्चित गर्न जलन रोकथाम र उपचारसम्बन्धी राज्यको दीर्घकालीन नीति आवश्यक रहेको छ। विपद्‌विद् मन थापा प्रत्येक व्यक्तिमा आफू सुरक्षित रहनसक्ने ज्ञानसहितको सुरक्षा संस्थाकार र सचेतनाको विकास गर्नुपर्ने बताउनुहुन्छ। जलनका घटना कम गर्न विद्यालय तहदेखिकै पाठ्यक्रममा समावेश गर्नुपर्ने उहाँको तर्क छ। जलनका घटनाले मानिसको शरीर मात्र होइन, उसको मानसिक र सामाजिक जीवनमा पनि गहिरो असर पार्दछ। धेरै बिरामीले स्थायी दाग, अपाङ्गता, र आत्मविश्वास गुमाउने समस्या भोगिरहेका छन्।

समाजले जलनग्रस्त व्यक्तिलाई हेर्ने दृष्टिकोण पनि अझै नकारात्मक छ, जसले उनीहरूलाई पुनः समाजमा समायोजन गर्न कठिन बनाउँछ। जलनपछि शारीरिक उपचार मात्र होइन, मनोवैज्ञानिक परामर्श र पुनर्स्थापना तालिम पनि आवश्यक हुन्छ। तर नेपालमा यस्तो सेवा सीमित हुँदा धेरै जलनग्रस्त व्यक्ति समाजमा पुनःस्थापित हुन कठिनाइ अनुभव गर्नुपरेको भक्तपुर ठिमीकी सानुमाया थापा बताउनुहुन्छ। जलनको समस्या केवल स्वास्थ्यको होइन, सामाजिक सचेतनाको पनि विषय हो। सरकार, समुदाय र परिवारको संयुक्त प्रयासबाट मात्र जलनका घटना घटाउन र पीडितलाई सम्मानजनक जीवन प्रदान गर्न सकिन्छ।

**जलन सप्ताह आयोजना**

नेपाल जलन फाउण्डेशनद्वारा तेस्रो राष्ट्रिय तथा दोस्रो विश्व सप्ताहको आयोजना भइरहेको छ। ‘जलनको घटना रोकौं, जीवन रक्षा गरौं सुरक्षाको सुरुवात घरबाट गरौं भन्ने नाराका साथ यही कात्तिक १७ गतेदेखि २१ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गरिएका छन्। विभिन्न सङ्घसंस्थाको सहकार्यमा भएको सप्ताहमा जलनको रोकथाम, बालबालिकामा जलनको रोकथाम, जलनपछिका जटिलताको रोकथाम, जलन प्रकोपको व्यवस्थापन, जलनजलन पीडितको सामाजिक विभेद् र समन्वयीकरण विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना भएका छन्। जालनबाट हुने क्षति कम गर्न रोकथाम नै उत्तम उपाय हो। आगो र तातो पदार्थ प्रयोग गर्दा सावधानी अपनाउने, बालबालिकालाई आगोबाट टाढा राख्ने, ग्यास र विद्युतीय उपकरण सुरक्षित रूपमा प्रयोग गर्ने र गाउँगाउँमा जनचेतना फैलाउनेजस्ता कदम चाल्नुपर्ने फाउण्डेशनका कार्यकारी सदस्य रामशरण मल्ल बताउनुहुन्छ।

## देशभरका ३८ ...

नियन्त्रक कार्यालयबाटै प्रवाह गर्ने व्यवस्था मिलाईएको उक्त सूचनामा उल्लेख छ।

यस्तै कर भुक्तानी, कर चुक्ता प्रमाणपत्र लगायत धेरै सेवाहरु अनलाईन प्रणाली मार्फत नै प्राप्त गर्न सकिने व्यवस्था हाल कार्यान्वयन मै रहेको जनाउँदै सूचनामा विभाग तथा अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाहलाई अझ करदाताको नजिक र प्रविधिमैत्री बनाउँदै लैजाने नीति अनुरुप सेवालाई विकेन्द्रीकरण गर्ने व्यवस्था गरिएको तथा सेवा प्रवाहको वैकल्पिक व्यवस्था नभएसम्म सम्बन्धित करदाता सेवा कार्यालयहरुबाट सेवा सुचारु हुने हुँदा यो व्यवस्था कार्यान्वयनमा विभाग सम्बन्धित सबै सरोकारवालाहरुको सहयोगको अपेक्षा गरेको उल्लेख छ।

# विश्व समाचार

## गाजामा युद्धविराम कायम राख्न आत्यावश्यक : डब्लुएचओ

जेनेभा, २० कात्तिक (रासस/क्यूएनए)।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का महानिर्देशक डा. टेड्रोस एड्हानोम गेब्रेयससले गाजा पट्टीमा युद्धविराम सम्झौता कायम राख्न आवश्यक रहेको बताउनु भएको छ।

आगामी हप्ता, डब्ल्यूएचओ, युनिसेफ र युएनआरडब्लुएले गाजाका करीव ४४ हजार बालबालिकाका लागि नियमित खोप, पोषण, उपचार, र वृद्धि अनुगमन गर्न सुरु गर्ने उल्लेख गर्दै उहाँले यसको लागी युद्धविराम अवाश्यक रहेको सामाजिक सञ्जाल एक्स मार्फत औंल्याउनु भएको हो। उहाँका अनुसार गाजा पट्टीका बालबालीकाहरु करीव दुई वर्षदेखि जीवन बचाउने आधारभुत स्वास्थ्य सेवाबाट वन्चित रहेका छन्।

उनीहरुलाई स्वास्थ सेवा प्रवाह गर्न डब्ल्यूएचओले २० वटा क्षतिग्रस्त तथा नष्ट भएका स्वास्थ्य सुविधाहरूको पुनःस्थापना गरी सेवा वितरण केन्द्रहरूको सङ्ख्या विस्तार गर्दै स्वास्थ्य पूर्वाधार पुनर्स्थापना गर्ने प्रयास गरी रहेको उहाँले बताउनु भएको छ।

डा. टेड्रोस एड्हानोम गेब्रेयससले “युद्धविराम सफलताका लागि मात्र आवश्यक नभइ गाजाको स्वास्थ्य प्रणालीमा सुधार ल्याउनका लागि पनि शान्ति र स्थायित्व सबैभन्दा उत्तम उपाय भएको उहाँको भनाइ छ।

## दिल्लीमा बढ्दो वायु प्रदूषणका कारण श्वासप्रश्वास जन्य रोगको उच्च जोखिम

नयाँदिल्ली, २०कात्तिक (रासस/सिन्ह्वा)।

दिल्लीमा वायु प्रदुषका कारण श्वासप्रश्वास जन्य रोगहरू जस्तै रूघा खोकी, दम र आँखाबाट पानी बग्ने, नाक बग्ने जस्ता रोगहरूबाट पीडित बिरामीहरुको सङ्ख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको दिल्लीका चिकित्सकहरूले बिहीबार बताएका छन्।

मिडियाका अनुसार भारतको नयाँ दिल्लीका अस्पतालहरू विगत केही दिन देखि त्यस्ता बिरामीहरूले भरिएका छन्। दिल्लीको दक्षिणी भागमा धुवाँको तह बढ्दै गए पछि बिहीवार, दिल्लीका धेरै क्षेत्रहरूमा वायु गुणस्तर सूचकाङ्क “खराब” श्रेणीमा रहेएको जनाइएको छ।

वायु प्रदुषण नियन्त्रण गर्न सरकारले रुख तथा “सडकमा पानी छर्कने दिल्लीको शान्ति पथ क्षेत्रमा स्टिटलाइटका खम्बाहरूमा वाटर मिस्ट स्प्रेयरहरू जडान गर्ने” जस्ता विभिन्न उपायहरू गरिरहेको जनाइएको छ। प्रेस ट्रस्ट अफ इण्डियाको एक अनलाइनका अनुसार “दिल्लीमा प्रदुषित र विषाक्त धुवाँको तह बढ्दै गएका कारण डाक्टरहरूले आँखाको समस्यामा ६० प्रतिशतले वृद्धि भएको रिपोर्ट गरेका छन्। डाक्टरहरूले प्रदुषित धुवाँ फोक्सोका लागि मात्र नभई आँखाका लागि पनि हानिकारक हुने चेतावनी दिएका छन्।“

दिल्लीस्थित राम मनोहर लोहिया अस्पतालमा मेडिसिनका प्राध्यापक पुलिन कुमार गुप्ताले आफू काम गर्ने अस्पतालमा वायु प्रदुषण सम्बन्धी रोगबाट पीडित बिरामीहरूको सङ्ख्या २२-२५ प्रतिशत रहेको बताउनु भएको छ।

“वायु प्रदुषणका कारण दिल्लीका बासिन्दाहरु प्रभावित भएको उल्लेख गर्दै बालबालिका र वृद्धहरू सबैभन्दा धेरै जोखिममा रहेको डाक्टरहरुले बताउनु भएको छ। उनीहरुले दिल्लीका बासिन्दाहरूलाई सकेसम्म बाहिरी गतिविधिमा संलग्न नभइ अत्यावश्क कार्यहरु घर भित्रै बसेर गर्न सल्लाह दिएका छन्।

## पाकिस्तान र अफगानिस्तानको तेस्रो चरणको वार्ता इस्तानबुलमा हुने

इस्लामाबाद (पाकिस्तान), २० कात्तिक (रासस/एएनआई)।

पाकिस्तानले सीमापार आतङ्कवाद अन्त्य गरी युद्धविरामलाई सुदृढ पार्ने उद्देश्यले तेस्रो चरणमा बिहिबार इस्तानबुलमा अफगान तालिबान प्रतिनिधिहरूसँग पुनः वार्ता सुरु गर्ने तयारी गरेको जनाइएको छ।

अक्टोबर ११ -१५ सम्म भएको झडप पछि पाकिस्तान र अफगान तालिबानका प्रतिनिधिहरूले दुई चरणको वार्ता यस अघिनै दोहा र इस्तानबुलमा गरिसकेको डन पत्रिकाले जनाएको छ।

तेस्रो चरणको लागि टर्की र कतारको संयुक्त मध्यस्थतामा दुवै पक्षको प्रतिनिधिमण्डल बुधवार इस्तानबुल आइपुगेको छ भने वार्ता दुई दिनसम्म जारी रहने बताइएको छ।

सेना, गुप्तचर निकाय र विदेश विभागका वरिष्ठ अधिकारीहरू सहितको पाकिस्तानी प्रतिनिधिमण्डलको नेतृत्व इन्टर-सर्भिस इन्टेलिजेन्सका महानिर्देशक लेफ्टिनेन्ट जनरल असीम मलिकले गरेको जनाइएको छ।

अफगान प्रतिनिधिमण्डलमा जनरल डाइरेक्टोरेट अफ इन्टेलिजेन्स प्रमुख अब्दुल हक वासेक, तालिबानका प्रवक्ता सुहेल शाहिन, लगायतका प्रतिनिधिहरु सहभागी भएको जनाइएको छ। अन्तिम चरणको वार्तापछि टर्कीको विदेश मन्त्रालयले जारी गरेको संयुक्त विज्ञप्तिमा “सबै पक्षहरू युद्धविराम जारी राख्न सहमत भएको उल्लेख छ।

गत अक्टोबर ११ मा भएको झडपले दुई छिमेकी बीचको सम्बन्ध चिस्सिय पछि पाकिस्तान र अफगान तालिबानबीचको वार्ता लामो समय सम्म कूटनीति पछ्याउँदै चलिरहेको जनाइएको छ।

अक्टोबर १५ को युद्धविराममा सहमति भए पछि अन्ततः दुई पक्ष दोहामा वार्ताका लागि आएका थिए। दोहा वार्ता पछि, सीमा विवाद रोक्न अस्थायी युद्धविरामका लागि दुई पक्षले स्थायी शान्ति र स्थिरताका लागि इस्तानबुलमा पुनः वार्ता गर्न प्रतिबद्ध भए।

दुई पक्षबिच दोस्रो चरणको वार्ता अक्टोबर २५ मा टर्कीमा भएको थियो। यद्यपि, सूचना मन्त्री अत्ताउल्लाह तरारले अक्टोबर २९ मा एक्समा गरेको पोस्टमा वार्ताले “कुनै व्यावहारिक समाधान ल्याउन असफल भएको जनाउनु भएको छ।

यद्यपि मध्यस्थकर्ताहरुले निरन्तरको प्रयास स्वरुप वार्ता प्रक्रियालाई बचाउन सफल भएको, टर्कीले अक्टोबर-३१ मा जारी गरेको संयुक्त विज्ञप्तिमा उल्लेख छ। यसै गरी नोभेम्बर-छ मा इस्तानबुलमा हुने प्रमुख-स्तरको बैठकमा युद्धविराम “कार्यान्वयनको थप तरिकाहरूको छलफल र निर्णय गरिने जनाइएको छ।

# विगत चार महिनादेखी तलब नपाएको भन्दै शिक्षक तथा कर्मचारीहरु आन्दोलित

**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
सप्तरीको कंचनरुप नगरपालिका अन्तरगत सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयका शिक्षक तथा कर्मचारीहरु विगत चार महिनादेखी तलब नपाएको भन्दै बाध्य भई बिहिवारदेखि चरणबद्ध आन्दोलनमा उत्रेका छन् ।

आन्दोलन परिचालन समितिले बिहीबार आन्दोलनका कार्यक्रमसहित नगरपालिकाको कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

बुझाइएको ज्ञापनपत्रमा चालु आ.व. २०८२/०८३ को श्रावणदेखि हाल सम्मको तलब भत्ता सुविधा राज्यले उपलब्ध गराए पनि नगर प्रमुख र उपप्रमुख बीचको आन्तरिक विवादको कारण सो पाउनबाट बञ्चित भएको उल्लेख छ ।

प्रमुख प्रशासकीय अधिकृत समेत कार्यालयमा उपस्थित नरहेकोले राष्ट्र सेवक शिक्षक कर्मचारीहरु गत असोज २४ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमा तलव भत्ता निकासामा सहजीकरणकोलागी ज्ञापनपत्र बुझाएको र २७ गते नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु बीच सहजीकरण समेत गर्दा तलव भत्ता हालसम्म उपलब्ध नगराएको ज्ञापनपत्रमा जनाइएको छ ।

आन्दोलनका कार्यक्रम अन्तरगत कात्तिक २० र २१ गते विभिन्न कार्यालयहरुमा ज्ञापनपत्र बुझाउने, २३ र २४ गते बिहान ११:०० बजे नगरपालिकाको गेट अगाडि धर्ना दिने तथा सो अवधीसम्म पनि तलब भत्ता उपलब्ध नभए २४ गते आगामी आन्दोलनका कार्यक्रमको घोषणा गर्ने उल्लेख छ ।

विभिन्न १३ वटा सरोकारवाला निकायलाई बोदार्थ गरिएको ज्ञापनपत्र मार्फत आन्दोलनमा सहभागिता जनाउन नगरपालिका अन्तर्गतका विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी, स्वास्थ्य कर्मचारीहरु, सफाईकर्मीहरु साथै मम्पूर्ण सरोकारबालाहरुलाई सहभागी हुन आह्वान समेत गरिएको छ ।

# अस्पतालकै भवनबाट गाउँपालिकाको सेवा

सिरहा, २० कात्तिक (रासस) ।
गत भदौ २४ गते भएको 'जेनजी' प्रदर्शनका क्रममा यहाँको औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी गरिएकामा सेवा प्रवाहमा समस्या भइरहेको छ । गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालको भवनबाट सेवा सञ्चालन गरी सहजता ल्याउने प्रयास भइरहेको छ ।

कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताउनुभयो । उहाँका अनुसार नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता आएको हो ।

अध्यक्ष यादवले भन्नुभयो, "पुरानो भवन कामै नलाग्ने गरी ध्वस्त भयो । हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहको छौं । गत वर्षदेखि निर्माण सुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न द्रुतगतिमा काम गर्न लगाएका छौं ।" उहाँका अनुसार रु सात करोड ९४ लाख १८ हजार ८९० लागतमा नयाँ भवन निर्माणको काम भइरहेको छ ।

अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छभने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताउनुभयो ।

हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन् । कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ । कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ ।

अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाका सेवाग्राहीको भीडभाडले गर्दा बिरामीलाई स्वास्थ्य सेवा दिन असहज भइरहेको छ । कोठा अभावमा बहिरङ्ग सेवा, प्रसुति सेवा र अस्पतालको प्रशासनिक कामकाज प्रभावित भएकाले नियमित स्वास्थ्य सेवा दिन समस्या देखिएको छ ।"

पन्ध शय्या क्षमताको अस्पतालमा हाल पाँच शय्या मात्रै सञ्चालनमा छन् । दैनिक एक सय हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनले जनाएको छ ।

# नर्सको सेवा सुविधा तोक्न गठित कार्यदललाई थप एक महिना समय

काठमाडौँ, २० कात्तिक (रासस) ।
नर्सलाई सरकारी सेवा सरह सुविधा तोक्नका लागि गठित कार्यदललाई थप एक महिना समयावधि थप गरिएको छ ।

सरकार र आन्दोलनरत समूहबीच भएको सहमतिअनुसार सो कार्यदललाई थप एक महिना समय दिइएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । सहमतिअनुसार कार्यदलले नर्ससहित अन्य विषयको विस्तृत अध्ययन गरी समाधानका लागि ठोस कार्ययोजना तयार गर्न केही समय लाग्ने भएकाले मङ्सिर १५ गतेसम्म म्याद थप्ने निर्णय भएको उहाँले बताउनुभयो । "अहिले कार्यदलले सहमतिअनुसार नर्सको सेवा सुविधा दिनका लागि आफ्नो काम अगाडि बढाएको छ," उहाँले भन्नुभयो, "कार्यदलले प्रतिवेदन बुझाएपछि नर्सको सेवा सुविधा लागू हुने छ ।"

नर्सको सेवा सुविधाबारे सरकारले मन्त्रालयका अतिरिक्त सचिव डा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा १४ सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलले अस्पतालको वर्गीकरण गरेर नर्सको सेवा सुविधा तोकि प्रतिवेदन बुझाउने जनाएको छ । कार्यदलका संयोजक श्रेष्ठले तत्काल गर्न सक्ने कामलाई चाँडै प्रतिवेदनमा समेट्ने जानकारी दिनुभयो ।

"मन्त्रीज्यूले कानुनले बन्देज गरेका कुरालाई विधेयक ल्याएर भएपनि नर्सका सेवा सुविधा टुङ्ग्याउने भन्नुभएको छ," उहाँले भन्नुभयो, "हामीले पनि सहमतिअनुसारका सेवा सुविधा तत्कालीन र दीर्घकालीन रूपमा लागू गरिने कुरालाई केलाएर प्रतिवेदन तयार पारिरहेका छौं ।"

सहमतिअनुसार ठूला अस्पताल र नीजि मेडिकल कलेजले कात्तिकदेखि पाँचौं तह सरह तलब दिने छन् । अन्य निजी तथा सामुदायिक अस्पतालले भने पाँचौं तह सरहको ८० प्रतिशत सेवा सुविधा उपलब्ध गराउने सहमति भएको छ ।

# सिराहामा खैरो हेरोइनसहित एक युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २० कात्तिक ।**
सिरहाको गोलबजार नगरपालिका ८ स्थित पुरानो चोहर्वाबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ ।

लागुऔषध बिक्रीवितरण भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले मङ्गलबार साँझ गोलबजार-१० महाजन टोलका करिब २० वर्षीय रूपेश सिंहलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार सिंहको साथबाट सानो कालो प्लास्टिकको पोकामा लुकाएर राखिएको दुई ग्राम १३० मिलिग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद गरिएको हो । सिंहलाई हाल गोलबजारस्थित प्रहरी कार्यालयमा राखी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

यसअघि गत आइतबार राति प्रहरीले लहान र कर्जन्हाबाट पनि खैरो हिरोइनसहित चार जनालाई पक्राउ गरेको थियो ।

# वीरगञ्ज भन्सार नाकाबाट विद्युतीय सवारीसाधन आयातमा बृद्धि

पर्सा, २० कात्तिक (रासस) ।
चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ विद्युतीय जीप,कार र भ्यानहरु आयात भएका छन् ।

गत आर्थिक वर्षको तीन महिनाका तुलनामा चालु आवको सोही अवधिमा भने विद्युतीय सवारीसाधनको आयात ह्वातै बृद्धि भएको छ । गत आवको तीन महिनामा भने ९७ मात्रै विद्युतीय जीप,कार र भ्यानहरु आयात भएको थियो । सर्वसाधारणको विद्युतीय सवारीसाधनप्रतिको आकर्षण र चीनको सीमा नाका हुँदै आउने सडकको अवस्था दयनीय भएपछि यो नाका हुँदै हुने आयातमा बढोत्तरी भएको हो । चालु आवको तीन महिनामा विद्युतीय जीप,कार र भ्यान आयातबाट ४५ करोड ७२ लाख राजस्व सङ्कलन भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवाली पनि पछिल्लो समय विद्युतीय सवारीसाधनको आयातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो । गत आवको तीन महिनाको अवधिमा भने वीरगञ्ज नाका हुँदै रु १४ करोड ४९ लाख मूल्य पर्ने ९७ वटा विद्युतीय जीप,कार र भ्यानहरु आयात भएको थियो । सो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट रु नौ करोड ११ लाख मात्रै राजस्व सङ्कलन भएको थियो ।

चालु आवको तीन महिनामा रु २८ करोड ७९ लाख मूल्य पर्ने दुई हजार एक सय ९४ विद्युतीय मोटरसाइकल आयात भएको छ । जबकी गत आवको तीन महिनाको अवधिमा भने रु २१ करोड १७ लाख मूल्य पर्ने एक हजार चार सय ८१ विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

# जेनजी आन्दोलनपछि लगानीकर्ताको मनोबल कमजोर भएको छ : गभर्नर पौडेल

काठमाडौँ, २० कात्तिक (रासस) ।
नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि लगानीकर्ताको मनोबल कमजोर भएको बताउनुभएको छ ।

नागरिक पहलद्वारा बुधबार आयोजित 'राष्ट्रहित सर्वोपरि कन्क्लेभ'मा उहाँले पछिल्लो समय लगानी बढाउन नसकेको अवस्थामा भएको जेनजी आन्दोलनपछि लगानीकर्ताको मनोबल थप कमजोर भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विगत एक दुई वर्षदेखि नै पैसा भए पनि लगानी विस्तार नभएको अवस्था थियो, हामीले ठूलो लगानी ल्याउन सकेका थिएनौं, यस्तो अवस्थामा जेनजी आन्दोलन भएपछि यसले थप समस्यामा पारेको छ ।"

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले जेनजी आन्दोलनमा घुसपैठ भएकाले निजी र सरकारी संरचनामा आक्रमण भएको धारणा राख्नुभयो । उहाँले जेनजीको आन्दोलन प्रारम्भिक उद्देश्य र चाहनाअनुसार अघि बढे पनि घुसपैठ भएकाले आन्दोलन हिंसात्मक भएको दावी गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले दलहरूले व्यक्तिमुखीभन्दा पनि प्रणालीमुखी सुधारतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "जेनजी आन्दोलनले देखाएको असन्तुष्टिलाई राजनीतिक दलहरुले गम्भीरतापूर्वक लिनुपर्छ, हामीले व्यक्तिमा होइन, प्रणालीमा सुधार ल्याउन जरुरी छ ।"

नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले जेनजी आन्दोलन कांग्रेसप्रति पनि लक्षित भएको बताउनुभयो । आन्दोलन हुने समयमा कांग्रेस सरकारमा रहेकाले त्यसको जिम्मेवारी पार्टीले लिनुपर्ने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "सरकारमा भएको हिसाबले जेनजीको खबरदारी कांग्रेस लक्षित पनि हो । सधैं क्रान्तिको नेतृत्व गरेको पार्टी हो कांग्रेस तर त्यो दुई दिन कांग्रेसको विरुद्धमा पनि जनता आएका थिए । कम्तीमा हाम्रो पार्टीको नेतृत्वले यति कुरा पार्टी बचाउनको लागि पनि ख्याल गर्नुपर्छ ।"

राष्ट्रिय प्रजातन्त्र पार्टीकी महामन्त्री कुन्तीकुमारी शाहीले वर्तमान राजनीतिक अवस्था जटिल र अविश्वासपूर्ण बनेको टिप्पणी गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय समिति सदस्य गणेश कार्कीले जेनजी आन्दोलन लामो समयदेखिको असन्तुष्टिका कारण भएको बताउनुभयो ।

जनता समाजवादी पार्टीका प्रवक्ता मनिषकुमार सुमनले जेनजी आन्दोलनका भाग नलिएकाहरुले आन्दोलनको जस लिन अग्रसर भएको जिकिर गर्नुभयो ।

महान्यायाधिवक्ता सविता भण्डारीले विद्रोहपछिको राजनीतिक अवस्थालाई सरकारका लागि अवसर र चुनौती दुवै भएको बताउनुभयो । उहाँले भन्नुभयो "सरकार गठन हुँदा सुशासनका विषयमा ध्यान दिनुपर्छ भनेर भनिएको थियो, अभियोजन र सजायका कुरा आफ्ना ठाउँमा छन्, तर त्यससँगै विभिन्न आवाजहरू उठिरहेका छन् । तर कसैलाई दोषी ठहर गर्न प्रमाण आवश्यक हुन्छ ।" उहाँले प्रहरी प्रशासन अनुसन्धानमा सक्रिय रहेको र मिडियामा नदेखिए पनि आवश्यक कानुनी प्रक्रिया अघि बढिरहेको बताउनुभयो ।

कार्यक्रम संयोजक सन्तोष गिरीले जेनजी बिद्रोह असन्तुष्टिको नतिजा भएको बताउनुभयो । "हामीले आजको संवाद नीति परिवर्तनमा, त्यसलाई कार्यान्वयनमा र त्यसलाई मुलुक निर्माणमा रुपान्तरण गर्न चाहन्छौं, मुलुक त्यति बेला मात्रै बन्द जतिबेला नागरिकहरु पनि उत्तिकै जिम्मेवार हुन्छन्," उहाँले भन्नुभयो, "यो कार्यक्रम नागरिक चेतनाको पुनःजागरणका लागि पनि हो, हामीलाई विश्वास छ, जब नागरिक उठ्छन्, तब मुलुकको दिशा र दशा बदलिन्छ ।"

# आन्दोलनलाई संस्थागत गर्न जेनजी समूहलाई भट्टराईको सुझाव

काठमाडौँ, २० कात्तिक (रासस) ।
पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले जेनजी आन्दोलनलाई संस्थागत गर्न जेनजी समूहका प्रतिनिधिहरुलाई सुझाव दिनुभएको छ ।

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) र जेनजी समूहबीच बिहीबार यहाँ भएको राजनीतिक संवादमा पार्टीका संस्थापक अध्यक्षसमेत रहनुभएका डा भट्टराईले जेनजी आन्दोलन नयाँ पुस्ताको समग्र आवाज रहेको बताउँदै यसलाई वर्तमान सरकारले संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो ।

"यो रुपान्तरीत आन्दोलनलाई संस्थागत गर्न औपचारिक रूपमा सरकारसँग लिखित सम्झौता गर्ने तर्फ जोड दिनुहोस्", उहाँले भन्नुभयो, "संस्थागत गर्नुभएन भने यो ऐतिहासिक आन्दोलन विलाएर जाने खतरा छ ।"

साथै उहाँले जेनजीका विभिन्न प्रश्नको जवाफ दिनुभएको थियो । पहिलो चरणको संविधान लेखन विफल भएको र दोस्रो चरणका संविधान लेखनमा आफ्नो पार्टीको शक्ति कमजोर भएकाले संविधान अपुरो भएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "अब यो अपुरो संविधानलाई पुरा गर्ने काम जेनजीको हो ।"

पार्टीका संयोजक दुर्गा सोबले विगतमा पार्टीले समाज सुहाउँदो मुद्दामा विचार विमर्श गर्दै आएको बताउँदै अब जेनजी आन्दोलनले देखाएको रुपान्तरणकारी मार्गमासमेत सहकार्य गरेर वैकल्पिक राजनीतिक शक्तिको रूपमा देखापर्ने बताउनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*